सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल


प. सं.: २०७६/०७७
च. नं.: २१२

मिति: २०७६/०६/०५

# प्रेस विज्ञप्ति

**सुनिलस्मृति गाउँपालिका गाउँकार्यपालिकाको यहि मिति २०७६ असोज ५ गते आइतबारका दिन गाउँपालिका अध्यक्ष श्री गुणेन्द्र घर्तीको अध्यक्षतामा बसेको बैठकका महत्वपूर्ण निर्णयहरु ।**

१) प्राकृतिक श्रोत साधन (ढुंगा गिट्टि, वालुवा) पुन : ठेक्का लगाउने निर्णय गरियो ।

२) आ.व. २०७५/०७६ को सार्वजनिक सुनुवाई यहि असोज ११ गते गाउँपालिका भवनमा गर्ने निर्णय गरियो ।

३) गाउँपालिका भित्रका मोटरबाटोहरु यहि असोज १५ भित्र ल.ई. गरि सवै वडाका मोटरबाटोहरु मर्मत गरिसक्ने ।

४) एक गाउँ एक प्राविधिक र संघीय सरकारबाट प्राप्त सर्शत अनुदानबाट पारिश्रमिक नपुग भएको हुँदा प्राप्त अनुदानमा सहायकस्तर चौथो तहको स्केल वमोजिम अपुग हुने पारिश्रमिक गाउँपालिकाको चालु खर्च तर्फ मिल्दो शिर्षकबाट व्यहोर्ने ।

५) महिला विकास कार्यक्रम तर्फका सामाजिक परिचालकहरुको पारिश्रमिक गत विगत वर्षहरुमा सर्शत अनुदानबाट प्राप्त हुने गरेकोमा यस आ.व.मा प्राप्त नभएकोले महिला विकास तर्फ छुट्टाइएको कार्यक्रम बाट पारिश्रमिक भुक्तानी गर्ने ।

६) स्वस्थ्य शाखा तर्फ प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा कार्यरत कार्यालय सहयोगिहरुको पारिश्रमिक स्वास्थ्य तर्फको सर्शत अनुदान तर्फ बजेट प्राप्त नभएकोले निज कार्यालय सहयोगिहरुबाट कामकाज गर्ने आवश्यक भएको हुँदा २०७६ श्रावण देखि नै करार सम्झौता थप गरि गाउँपालिका तर्फको चालु खर्चबाट पारिश्रमिक भुक्तानी गर्ने ।

७) आ.व. २०७६/०७७ को लागि राजस्व संकलन सम्बन्धी सरोकार वाला सबैको उपस्थितिमा वृहत छलफल कार्यक्रम आगामि दशै र तिहारको विचमा राजस्व संकलन सम्बन्धि छलफल सम्पन्न गर्ने ।

८) गाउँपालिका भित्र चालु आ.व.मा सञ्चालन हुने योजनाहरुको लागि २०७६ असोज मसान्तसम्म उपभोक्ता समिति गठन गरिसक्ने, दशै तिहारको विचमा उपभोक्ता समितिका पदाधिकारीलाई योजना सञ्चालन सम्वन्धि तालिम कार्यक्रम सम्पन्न गरिसक्ने र मंसिर १ गते देखि योजनाको कार्य सञ्चालन गर्ने ।

९) LGCDP तर्फका सामाजिक परिचालकहरु विगत केहि वर्ष देखि कामकाज गर्दै आउनु भएको र यस आ.व. शुरुभएपछि पनि हालसम्म कामकाज गर्दै आउनुभएकोले २०७६ असोज मसान्तसम्म मात्र करार म्याद थप गरि चालु खर्चको विविध कार्यक्रम शिर्षकबाट तलव भुक्तानी गर्ने र त्यसपछि करार म्याद थप नगरि काममा नलगाउने ।

.................
(नमराज थापा)
प्रवक्ता


ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०